वर्ष ९, अंक ४, साउन

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजन: पीडितको सम्मान ।।

# अपराध अनुसन्धान
# मासिक ई-बुलेटीन






नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

CRIME INVESTIGATION DEPARTMENT
CID
CREDIBILITY • DILIGENCE • INTEGRITY
NEPAL POLICE

**नेपाल प्रहरी प्रधान कार्यालय,**
अपराध अनुसन्धान विभाग
नक्साल काठमाण्डौ

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ - ११ |
| प्रहरी सेवा प्रवाह | १२ - १५ |
| खोजतलास तथा समन्वय | १६ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १७ - १८ |
| अपराध समाचार | १९ - २५ |
| उत्कृष्ट अनुसन्धान | २६ |
| सम्पादक मण्डल | २७ |

# विभागीय गतिविधिहरु

## नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र नेपाल ल क्याम्पस बीच अन्तरक्रिया कार्यक्रम:





*काठमाण्डौ साउन ०६ गते*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र नेपाल ल क्याम्पस विच मिति २०८२।१२।०२ गते भएको सम्झौता अनुरुप "Money Laundering Investigation and Challenges in Nepal: Study of Law and Practices" शीर्षकमा अनुसन्धान (शोध) कार्य सम्पन्न गरी मिति २०८३।०४।०६ गते अपराध अनुसन्धान विभागको सभाहलमा शोध प्रतिवेदन बारे प्रस्तुतीकरण एवं अन्तरक्रिया पश्चात क्याम्पस प्रमुख डा. श्याम बहादुर कार्कीज्युबाट अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्युलाई प्रतिवेदन हस्तान्तरण गरियो। उक्त कार्यक्रममा प्रमुख शोधकर्ताहरु नेपाल ल क्याम्पसका सहायक प्रमुख डा. रमेश पराजुली र नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी तथा शोधकर्ताहरु रत्न केशरी महर्जन (एल.एल.एम. छैठौं सेमेष्टर) र स्मृति रानाभाट (एल.एल.एम. तेश्रो सेमेष्टर) द्वारा तयार पारिएको "Money Laundering Adjudication in Nepal: Comparative Study with judicial Practice in the USA and Singapore" तथा प्रमुख शोधकर्ताहरु उप-प्राध्यापक डा. किशोर सापकोटा र नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारी तथा शोधकर्ताहरु ओशिका जोशी (एल.एल.एम. पहिलो सेमेष्टर) र सुमित्रा थापा (एल.एल.एम. दोश्रो सेमेष्टर) द्वारा तयार पारिएको "Money Laundering Investigation and Challenges in Nepal: Study of Law and Practices" सम्बन्धी अनुसन्धान प्रतिवेदन प्रस्तुत भई अन्तरक्रिया समेत सम्पन्न भयो। उक्त प्रतिवेदनमा नेपालमा सम्पत्ति शुद्धिकरण नियन्त्रणका लागी कानुनी तथा संस्थागत संरचना भएपनि यसको प्रभावकारी अनुसन्धान, अभियोजन, सम्पति जफत र अन्तरनिकाय समन्वयमा अझै चुनौती रहेको, सम्पती शुद्धिकरणको सम्बन्ध भ्रष्टाचार करछली, संगठित अपराध, तस्करी, मानव बेचविखन, बैंकिङ अपराध तथा अवैध पूँजी प्रवाहसंग जोडिदै गएको; कानून र व्यवहारिकता विचको अन्तर, अनुसन्धानमा प्राविधिक तथा दक्ष जनशक्ति अभाव, जटिल वित्तीय कारोवारको अनुसन्धान, अन्तरनिकाय विच सूचना आदान-प्रदानमा कमजोरी, अभियोजनको प्रभावकारीता तथा अपराधबाट प्राप्त सम्पत्ति पहिचान र जफतमा देखिएको समस्यालाई प्रमुख चुनौतीका रुपमा पहिचान गरी प्रतिवेदनले नेपालको सम्पति शुद्धिकरण विरुद्धका अन्तराष्ट्रिय प्रतिवद्धता तथा **Financial Action Task Force (FATF)** का अपेक्षा पुरा गर्न कानुन निर्माण मात्र नभइ यसको प्रभावकारी कार्यान्वयमा जोड दिनुपर्ने सुझाव दिइयो।

## MS-Office Package विषयक तालिम सम्पन्न



*काठमाडौं, साउन २८*

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वावधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि

निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८३।०४।०४ गते देखि मिति २०८३।०४।२८ गतेसम्म सञ्चालित “MS-Office Package” विषयक ७४ औं समूहको तालिम सम्पन्न भयो। उक्त तालिममा प्रहरी वरिष्ठ नायव निरीक्षक १ जना, प्रहरी नायव निरीक्षक २ जना, प्रहरी सहायक निरीक्षक ३ जना, प्रहरी वरिष्ठ हवल्दार ५ जना, प्रहरी हवल्दार ४ जना, प्रहरी सहायक हवल्दार १३ जना र प्रहरी जवान १० जना गरी जम्मा ३८ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो। तालिम सफलतापूर्वक सम्पन्न गरेका सहभागीहरूलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई तथा प्रमाणपत्र वितरण गर्नुहुँदै प्रशिक्षार्थीहरूले तालिमबाट प्राप्त गरेका ज्ञान, सिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा उपयोग गरी जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिनुभयो ।

## Online Police Clearance Registration System (OPCRS) परिमार्जन सम्बन्धी छलफल



*काठमाडौं १८ साउन,*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूको प्रमुख आतिथ्यतामा Online Police Clearance Registration System (OPCRS) मा संकलित प्रहरी चारित्रिक प्रमाणपत्र सम्बन्धी आवेदनहरुको छिटोछरितो कार्यान्वयन गरी सेवाग्राहीलाई सहज तरिकाले चारित्रिक प्रमाणपत्र वितरण गर्न र अन्यौलमा रहेका आवेदन सम्बन्धित मुद्दा दर्ता गर्ने प्रहरी कार्यालयहरुमा पठाई सोही कार्यालयबाटनै अध्यावधिक गर्न OPCRS प्रणालीमा गर्नुपर्न वा गर्न सकिने सुधारका विषयमा छलफल भएको भयो।

उक्त कार्यक्रममा Info Developers Pvt. Ltd. का Executive Director प्रविण सुवेदी र नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृत एवं सकल दर्जाका प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कतारबाट पक्राउ




*काठमाडौं १३ साउन ,*

जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी भोजपुर घर भएका ३२ वर्षीय जनक राई पक्राउ परेका छन्। एनसिबि कतार दोहाको समन्वयमा कतारमा पक्राउ परेका राईलाई सम्बन्धित मुद्दामा कारबाही गर्ने गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याईएको थियो। उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ चैत १९ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसूर बमोजिम कानुनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय भोजपुर बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाबाट जानकारी प्राप्त भएको छ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कतारबाट पक्राउ



*काठमाडौं, २१ साउन*

ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी तनहुँ ऋषिङ्ग गाउँपालिका-४ ठेगाना भएका अम्मर सिं नेपाली पक्राउ परेको थियो।

साउदी अरबबाट नेपाल आउने क्रममा उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाबाट जानकारी प्राप्त भएको छ।

ज्यान सम्बन्धी कसूरको अनुसन्धानको सिलसिलामा वारदात पश्चात फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८१ जेठ २४ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति कतारबाट पक्राउ




*काठमाडौं, २५ साउन*

मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी धनुषा धनौजी गाउँपालिका-५ ठेगाना भएका मो. ताहिर राईन पक्राउ परेको थियो । एनसिबि कतार दोहाको समन्वयमा कतारमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको थियो ।

उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट २०८३ साउन १२ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो ।

उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय धनुषा बुझाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाबाट जानकारी प्राप्त भएको छ ।







# अपराध तथ्याङ्क


## उपत्यका र प्रदेशगत पाँच आ.व.को मुद्दादर्ता र फछ्यौंट संख्या
## (आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




## काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता तथ्याङ्क





## काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या ( जेठ - साउन)



## उपत्यका र प्रदेश शिर्षक अनुसारको मासिक (साउन) मुद्दा दर्ता संख्या





## आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक (साउन) तथ्याङ्क




# मासिक ई-बुलेटिन


## बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता तथ्याङ्क





## जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता संख्या




## गम्भीर अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता संख्या




## सम्पत्ति शुद्धिकरणको उपत्यका र प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता संख्या




## २०८३ साल साउन महिनाको कूल घरेलु हिंसा सम्बन्धी विवरण





## २०८३ साल साउन महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्त पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/ब्यूरोको नाम | पक्राउ संख्या | कैद | असुल जरिवाना (.रु) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५१३ | ९६ वर्ष ६ महिना २६ दिन | ११४९७९७८२ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | २३८ | १२० वर्ष ११ महिना ८ दिन | १७२५८१५१ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५४० | २१३ वर्ष ० महिना १७ दिन | १२६९५९२० |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १८२ | ८१ वर्ष ११ महिना १० दिन | ९५००९०७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १२० | ४८ वर्ष ०९ महिना १५ दिन | ४५८७८४४ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | ५०९ | १४० वर्ष ७ महिना २१ दिन | ५९२७०७१ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ४६ | ३३ वर्ष ०७ महिना ११ दिन | ५४२०३२८ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १३० | ६८ वर्ष ०८ महिना ७ दिन | २६५८७३४ |
| ९. | केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट | २३ | १ वर्ष ०३ महिना ०२ दिन | ९५०६५०६९ |
| जम्मा | | २३०१ जना | ८०५ वर्ष ०५ महिना २७ दिन | रु.२६,८०,९३,८०६ /- |


## लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (साउन) मुद्दा दर्ता संख्या




## अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक (साउन) तथ्याङ्क




## साइबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक (साउन) उजुरी, मुद्दादर्ता र अभियुक्त पक्राउ



# प्रहरी सेवा प्रवाह

## २०८३ साल साउन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## २०८३ साल साउन महिनामा चालचलन शाखाको प्रगति विवरण

| क्र.सं. | विवरण | प्रगति | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १६९७४५ | १३४४३६ |
| २ | तालुक गृह मन्त्रालयबाट आपराधिक अभिलेख चेकजाँचको लागि प्राप्त विदेशी तथा नेपाली नागरिकहरु | ३१ | ३१ |
| ३ | अध्यागमन विभागबाट कार्य सहमति शाखा | २९२ | २८२ |
| ४ | नागरिक उड्डयान प्राधिकरण | ० | ० |
| ५ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | १७ | १७ |
| ६ | औंठाछाप प्रमाणिकरण | ५३ | ५३ |
| ८ | अन्य | २४ | २४ |
| जम्मा | | १७०१६२ | १३४८४३ |

## सामुदायिक प्रहरी गतिविधि


२०८३ साल साउन महिनामा सामुदायिक प्रहरी शाखा अन्तर्गत गठित समिति र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गतका कार्यक्रम गतिविधिहरू :

गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ अन्तर्गत कार्यक्रमहरू




# आसरा सुधार केन्द्र रानीवारी

## २०८३ साल साउन महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या





# आसरा सुधार केन्द्र पानवारी, धरान-सुनसरी

## २०८३ साल साउन महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या



# आसरा सुधार केन्द्र फुलवारी धनगढी कैलाली

## २०८३ साल साउन महिनामा उपचारार्थ लागू औषध सेवनकर्ताहरूको संख्या





## २०८३ साल साउन महिनामा नेपालमा रहेका विदेशी नागरिकहरूको संख्यात्मक विवरण


| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिक मृत्यु | १० जना |
| २. | विदेशी नागरिक पक्राउ | ५२ जना |
| ३. | हराएका विदेशी नागरिक | २ जना |
| ४. | उद्दार गरिएका विदेशी नागरिक | १ जना |
| ५. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकको विवरण | २०,३८० जना |
| ६. | विदेशी नागरिक पक्राउ गरी थप कारबाहीका लागि अध्यागमन कार्यालय पठाईएका | ३ जना |

# खोजतलास तथा समन्वय

## २०८३ साल साउन महिनामा हराएका, फेला परेका तथा खोजतलास भईरहेका बालबालिकाहरूको विवरण




## २०८३ साल साउन महिनामा बेवारिसे फेला परेका, पारिवारिक पुनर्मिलन एवं बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab)

❖ Digital Forensic Lab बाट २०८३ सालको साउन महिनामा विभिन्न १५ वटा मुद्दा शीर्षक (अभौतिक मुद्रा, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन, विद्युतीय कसूर, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाइन ठगी, लागू औषध) अन्तर्गत १०९ वटा मुद्दाको ८४४ वटा सबुतहरू परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ साउन महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी एकाइहरू तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरूबाट माग भई आएका Operational Data दूरसंचार सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी निम्नानुसारको संख्यामा उपलब्ध गराएको।




## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८३/०४/०१ गतेदेखि २०८३/०४/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५७५** केशहरुको **२९३२** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **४०५** केशहरुको **२४०५** नमूनाहरु परीक्षण गरिएको; हाल **६०३४** केशहरुको **२४४२४** नमुनाहरु पेण्डिङ रहेको।

- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट २०८३/०४/०१ गतेदेखि २०८३/०४/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **२२९** केशहरुको **८५४** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **२९५** केशहरुको **१२१५** नमूनाहरु परीक्षण गरिएको; हाल **३७९** केशहरुको **१३४६** नमुनाहरु पेण्डिङ रहेको।

- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८३/०४/०१ गतेदेखि २०८३/०४/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **१०४** केशहरुको **२८६** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **७१** केशहरुको **२०६** नमूनाहरु परीक्षण गरिएको; हाल **१९५** केशहरुको **५६०** नमुनाहरु पेण्डिङ रहेको।

### नेपाल प्रहरी केनाईन (K9) कार्यालय, महाराजगञ्ज
### २०८३ साल साउन महिनामा केनाईन परिचालित संख्या



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*संखुवासभा , २ साउन*

आफ्नै श्रीमती ४३ वर्षीया फुलमाया मुदेलको हत्या गरेको अभियोगमा मादी नगरपालिका-४ डाँडागाउँ बस्ने चैनपुर नगरपालिका-७ घर भएका ५६ वर्षीय अमर बहादुर सार्कीलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादको क्रममा अमर बहादुरले धारिलो खुकुरी प्रहार गरी फुलमायाको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय चैनपुर र प्रहरी चौकी मङ्गलबारे मादीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै छोराको हत्या गरेको अभियोगमा पक्राउ

*रूपन्देही ,८ साउन*

आफ्नै छोरा २१ वर्षीय सरोज चौधरीको हत्या गरेको अभियोगमा तिलोत्तमा नगरपालिका-१० मैनिहवा बस्ने ४५ वर्षीय सहसराम चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादको क्रममा सहसरामले चक्कु प्रहार गर्दा सरोज गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी महुवारिबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका सरोजको मेडिकल कलेज भैरहवामा थप उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १४ साउन*

रूकुम पश्चिम, आफ्नै बुबा ७४ वर्षीय ठगेन्द्र घर्तीको हत्या गरेको अभियोगमा सानिभेरी गाउँपालिका-८ हुसीखोला बस्ने ३२ वर्षीय पारस घर्तीलाई प्रहरीले पक्राउ गरेको छ। पारसले धारिलो हतियार हँसिया प्रहार गर्दा ठगेन्द्रको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रूकुम पश्चिमबाट खटिएको प्रहरीले पारसलाई पक्राउ गरेको हो।

डोटी, आफ्नै श्रीमती ४७ वर्षीया अमृता ओलीको हत्या गरेको अभियोगमा जोरायल गाउँपालिका-४ देउथली बस्ने ५१ वर्षीय चन्द्र बहादुर ओलीलाई प्रहरीले पक्राउ गरेको छ। चन्द्र बहादुरले मादक पदार्थ सेवन गरी कुटपिट गर्दा अमृता गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय जोरायलबाट खटिएको प्रहरीले चन्द्र बहादुरलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएकी अमृताको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### ५० वर्षीय हजुरबुबाको हत्या गरेको अभियोगमा पक्राउ

*सोलुखुम्बु , ११ साउन*

आफ्नै हजुरबुबा ५० वर्षीय कृष्ण गोपाल विश्वकर्माको हत्या गरेको अभियोगमा सोलुदुधकुण्ड नगरपालिका-१ लुदु बस्ने २३ वर्षीय निर बहादुर विश्वकर्मालाई प्रहरीले पक्राउ गरेको छ। निर बहादुरले कुटपिट गर्दा कृष्ण गोपाल गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी नुनथलाबाट खटिएको प्रहरीले निर बहादुरलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएका कृष्ण गोपालको स्वास्थ्य चौकी नुनथलामा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

*काठमाडौं, १ साउन*

चन्द्रागिरी नगरपालिका-१४ नैकाप चोकस्थित सोही ठाउँ बस्ने नविन महर्जनले संचालन गरेको जय लक्ष्मी सुन चाँदी पसलबाट सुन तथा चाँदीका विभिन्न गरगहना समेत गरी करिब १५ लाख ८५ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

### श्रृंखलावद्ध रुपमा भएका चोरीका घटनामा संलग्न नौ जना पक्राउ

*कास्की, ३ साउन*

श्रृंखलावद्ध रूपमा भएका चोरीका घटनामा संलग्न रहेको अभियोगमा ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत उत्तर अशोकपुर (सतहा) विशेषरगंज बस्ती घर भएका २३ वर्षीय राहुल निषाद, चीन Guizhou घर भएका ३० वर्षीय Wen Jie, चीन Shandong घर भएका ३७ वर्षिय Wang Lianyin, स्याङ्जा घर भएका ४२ वर्षीय राजकुमार विक, कास्की घर भएका

५० वर्षीय राजु केसी भन्ने खिम बहादुर क्षेत्री, ५१ वर्षीय केशब पाइजा मगर, अर्घाखाँची घर भएका २९ वर्षीय अशोक पोख्रेल, भारत महाराष्ट्र सोलापुर घर भएका ४० वर्षीय सोमनाथ हनुमंत जाधव र बागलुङ घर भएका २७ वर्षीय अनिल विक रहेका छन् । वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले गत असार ४ गते पोखरा महानगरपालिका-१७ छोरेपाटनस्थित शिव प्रसाद बरालको घरबाट सुनको गहना, नगद १ लाख ५० हजार रूपैयाँ, ल्यापटप १ थान र मोबाइल १ थान, गत असार १४ गते सोही महानगरपलिका-१८ मणिमार्गस्थित हेमराज गिरीको घरबाट २५ तोला बराबरका सुनका गरगहना र नगद ७० हजार रूपैयाँ चोरी गरेको खुल्न आएको छ । यसैगरी उनीहरूले असार १५ गते सोही महानगरपालिका-१८ भकुण्डेस्थित गिरीधरी श्रेष्ठको घरबाट १ तोला ५४ लाल बराबरको सुनका गरगहना र मोबाइल २ थान, असार २३ गते सोही महानगरपालिका-८ ज्ञानकुन्ज मार्गस्थित Mohsen Khatami को कोठाबाट मोबाइल १ थान र नगद २५ हजार रूपैयाँ र सोही महानगरपालिका-६ लेकसाईडस्थित हिरामणी लामिछानेको घरबाट मोबाइल १ थान लगायतका सामानहरू चोरी गरेको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ । प्रहरीले उनीहरूको साथबाट सुनको ढिक्का ५ थान, सुनको टुक्राहरू ५ थान, नगद २ लाख १ हजार २ सय २० रूपैयाँ, मोबाइल ९ थान, स्मार्ट घडी १ थान, ल्यापटप १ थान लगायतका सामानहरू समेत बरामद गरेको छ । उनीहरू उपर जिल्ला अदालत कास्कीबाट चोरी तथा डाँका सम्बन्धी कसूरमा म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

*काठमाडौं, ६ साउन*

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१७ बस्ने ३२ वर्षीया पुजा शाही, काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ बस्ने सप्तरी बोदेबरसाईन नगरपालिका-३ घर भएका २० वर्षीय दिपक साह, काठमाडौं महानगरपालिका-९ बस्ने सर्लाही बसबरीया गाउँपालिका-३ घर भएका ४१ वर्षीय जय मंगल प्रसाद निसाद र काठमाडौं महानगरपालिका-३२ बस्ने रामेछाप मन्थली नगरपालिका-३ घर भएकी ३७ वर्षीया मिना श्रेष्ठ खत्री रहेका छन् ।

पक्राउ मध्ये पुजाले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट १७ लाख रूपैयाँ, दिपकले फ्रान्स पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५ लाख रूपैयाँ, जय मंगलले ब्रनाई पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख ३८ हजार रूपैयाँ र मिनाले युएई पठाइदिन्छु भन्दै १ जना पीडितबाट ६ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पुजालाई काठमाडौं महानगरपालिका-१२ बाट र दिपकलाई काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ बाट तथा जय मंगललाई काठमाडौं महानगरपालिका-९ बाट र मिनालाई काठमाडौं महानगरपालिका-३२ बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

## अनलाइन स्क्याम गर्ने कार्यमा संलग्न दुई जना पक्राउ

*कास्की, ०९ साउन*

अनलाइन स्क्याम गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सप्तरी कञ्चनपुर नगरपालिका-१२ बस्ने २६ वर्षीय विवेक रेग्मी र भारत कर्नाटक महेश्वर शान्तिनगर बस्ने ३० वर्षीय Mohammed Yasheer रहेका छन् ।

पोखरा महानगरपालिका-५ प्रस्याङस्थित घर भाडामा लिई भारतीय नागरिक सहितका व्यक्तिहरूले एसिया र युरोप महादेशका देशहरूमा घुम्न लैजाने भन्दै स्क्याम गरिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा उनीहरूले Oasis Tourism International नामको संस्था स्थापना गरी १५ जना युवायुवतीहरूलाई समेत खटाई अनलाइन माध्यमबाट र फोनबाट विभिन्न व्यक्तिहरूलाई सम्पर्क गरी 3N/4D Holiday voucher fill & win register & win assured gift लेखिएको coupon भर्न लगाई रकम उठाउने गरेको र हालसम्म ३० जना व्यक्तिहरूलाई एसिया र युरोप महादेशका विभिन्न देशमा visit गराउने भन्ने प्रलोभनमा पारी उक्त coupon भर्न लगाई ९ लाख ६५ हजार रूपैयाँ ठगी गरिसकेको समेत खुल्न आएको छ ।

साथै प्रहरीले उनीहरूको साथबाट कम्प्युटर २ थान, विभिन्न रजिष्टर तथा रेकर्ड बुक ८ थान, कुपन रसिद ६ थान, स्ट्याम्प छाप ४ थान र विभिन्न व्यक्तिहरूको नाममा काटिएका कुपनहरूको अर्धकट्टी समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## ठगी, आपराधिक विश्वासघात तथा संगठित अपराध सम्बन्धी कसूरमा संलग्न व्यक्ति पक्राउ

*काठमाडौं, १५ साउन*

ठगी, आपराधिक विश्वासघात तथा संगठित अपराध सम्बन्धी कसूरमा संलग्न रहेको अभियोगमा तत्कालीन नेपाल दूरसञ्चार प्राधिकरणका कार्यकारी अध्यक्ष ललितपुर, ललितपुर महानगरपालिका-२३ बस्ने दाङ घर भएका ५२ वर्षीय भुपेन्द्र भण्डारीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत काठमाडौंबाट उक्त मुद्दामा पक्राउ पुर्जी अनुमति प्राप्त भएपश्चात केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

नेपाल दूरसञ्चार प्राधिकरण काठमाडौंबाट २०७० वैशाख ०२ गते स्मार्ट टेलिकम प्रालिको नाममा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र नियमानुसार नवीकरण नगरेको कारणबाट २०८० वैशाख २ गते देखि स्वतः रद्द भएको थियो । अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति

व्यवस्थापन नियमावली, २०७९ को नियम १८ वमोजिम सम्पूर्ण सम्पत्ति र दूरसञ्चार पूर्वाधार, संरचना, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल समेतको सम्पत्ति नेपाल दूरसञ्चार प्राधिकरणको नाममा आएकोमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक र एनसेल आजीयाटा लिमिटेडको मिलेमतोमा गैर कानुनी रूपमा लिलाम गरी/गराई नेपाल सरकार/दूरसञ्चार प्राधिकरणको हक हनन गरी गैर कानुनी रूपमा लिलामी गरेको ठगी, आपराधिक विश्वासधात तथा संगठित अपराध मुद्दामा उनको संलग्नता रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## यौनजन्य अपराध

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २ साउन*

मकवानपुर, १० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मकवानपुरगढी गाउँपालिका-७ सुकौरा न्यौपानेटार बस्ने ६८ वर्षीय सिताराम नेपाललाई प्रहरीले पक्राउ गरेको छ । सितारामले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय मकवानपुरगढीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

कैलाली, ३२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा भजनी नगरपालिका-७ हिक्मतपुर बस्ने २८ वर्षीय सुनिल डगौरालाई प्रहरीले पक्राउ गरेको छ । सुनिलले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय भजनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*म्याग्दी, ४ साउन*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मालिका गाउँपालिका-५ देविस्थान पन्थुक बस्ने २२ वर्षीय बिकल विकलाई प्रहरीले पक्राउ गरेको छ। बिकलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी मुनाताकमबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*कैलाली, ५ साउन*

१४ वर्षीया बालिकलाई जबरजस्ती करणी गरेको अभियोगमा टीकापुर नगरपालिका-३ कटानपुर बस्ने २१ वर्षीय राहुल चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । राहुलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पर्वत, ६ साउन*

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मोदी गाउँपालिका-८ चित्रे बस्ने २१ वर्षीय समिर परियारलाई प्रहरीले पक्राउ गरेको छ। समिरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*चितवन, ६ साउन*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कालिका नगरपालिका-१० शेरवाङ बस्ने २२ वर्षीय सुशिल राना मगरलाई प्रहरीले पक्राउ गरेको छ । सुशिलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी जुटपानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*कञ्चनपुर, १२ साउन*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेलौरी नगरपालिका-१ बैशाखी बस्ने २० वर्षीय राजेश शाहीलाई प्रहरीले पक्राउ गरेको छ । राजेशले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। साथै प्रहरीले थप अनुसन्धानको लागि २ जनालाई नियन्त्रणमा लिएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*सल्यान, १८ साउन*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दार्मा गाउँपालिका-४ लामाडाँडा बुगेनी बस्ने ५५ वर्षीय रूद्र बहादुर चन्दलाई प्रहरीले पक्राउ गरेको छ । रूद्रले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दार्माबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*संखुवासभा, २४ साउन*

११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पाँचखपन नगरपालिका-८ सुनखानी बस्ने २० वर्षीय सविन न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ । सविनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय वानाबाट खटिएको प्रहरीले उनलाई पक्राउ

गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## लागु औषध सम्बन्धी

### करिब १ सय ४० किलो गाँजा बरामद

*पर्सा, १० साउन*

छिपहरमाई गाउँपालिका-१ मिर्जापुरस्थित आँपको बगैँचाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब १ सय ४० किलोग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय पोखरियाबाट खटिएको प्रहरीले १३ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको

### करिब ८ सय ४ किलो गाँजा सहित दुई जना पक्राउ

*धनकुटा, १७ साउन*

चौबिसे गाउँपालिका-४ फलामेटारस्थित जनता आवासको लागि बनाइएको खाली घरबाट अवैध लागूऔषध गाँजा करिब ८ सय ४ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा चौबिसे गाउँपालिका-४ बस्ने ३४ वर्षीय आशिष विश्वकर्मा र छथरजोरपाटी गाउँपालिका-४ घर भएका ४० वर्षीय हरि प्रसाद ओझा रहेका छन् । जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीले उक्त घर तलासी गर्दा लुकाई छिपाई राखिएको ४८ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ सय ९ किलो गाँजा सहित दुई जना पक्राउ

*सर्लाही, १८ साउन*

लालबन्दी नगरपालिका-१ बाट अवैध लागूऔषध गाँजा करिब १ सय ९ किलोग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत सितामढी थाना समुद्र बस्ने २६ वर्षीय दिपक कुमार महतो र २५ वर्षीय अमन कुमार रहेका छन्।

इलाका प्रहरी कार्यालय नवलपुर समेतबाट खटिएको प्रहरीले बागमतीबाट जनकपुरतर्फ जाँदै गरेको बीआर ०९ एम ३७६६ नम्बरको कारलाई जाँच गर्दा डिक्किमा लुकाई छिपाई राखिएको २३ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक दिपक र कारमा सवार अमनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ हजार ३ सय १५ किलो गाँजा बरामद

*खोटाङ, २२ साउन*

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-७ वालिङस्थित जंगलबाट अवैध लागूऔषध गाँजा करिब १ हजार ३ सय १५ किलोग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय खोटाङबाट खटिएको प्रहरीले उक्त स्थानमा रोकी राखेको प्र.१-०२-००२ ख ००८३ नम्बरको ट्रकलाई जाँच गर्दा चालक बस्ने भाग र पछाडी ढालाको बिचको भागमा फल्स बटम बनाई लुकाई छिपाई राखिएको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले ट्रक चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ । हरिशले नेपाली सेनामा भर्ती गराइदिन्छु भन्दै पीडितबाट २ लाख ४० हजार रूपैयाँ असुली गरी ठगी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय चिसापानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत कैलालीबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ४ सय १८ किलो गाँजा सहित चार जना पक्राउ

*सुनसरी, २३ साउन*

बराहक्षेत्र नगरपालिका-१ गुप्तबराहबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब ४ सय १८ किलोग्राम सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धरान उपमहानगरपालिका-१३ बस्ने ३४ वर्षीय थमन राई, ओखलढुंगा मानेभन्ज्याङ गाउँपालिका-५ बस्ने २२ वर्षीया जिवनी राई, मोरङ कटहरी गाउँपालिका-३ बस्ने २६ वर्षीय अमर कामत र ३८ वर्षीय शंकर चौधरी रहेका छन्।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले बराहक्षेत्रबाट चतरातर्फ आउँदै गरेको प्र००२ च ४८५१ -०२-१. .नम्बरको कार र को११ प ५६०१ नम्बरको मोटरसाइकललाई जाँच गर्दा कारभित्र २२ वटा प्लाष्टिकको पोकामा रहेको उक्त परिमाणको पदार्थ फेला पारी कार चालक थमन ,कारमा सवार जिवनी , मोटरसाइकल चालक अमर र मोटरसाइकलमा सवार शंकरलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब १ सय ९० किलो गाँजा बरामद

*सप्तरी, २३ साउन*

राजगढ गाउँपालिका-१ कजराहा टोलस्थित नहर छेउबाट अवैध लागूऔषध गाँजा करिब १ सय ९० किलो ५ सय २० ग्राम प्रहरीले बरामद गरेको छ।

प्रहरी चौकी झुट्की समेतबाट खटिएको प्रहरीले ५ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### करिब ३ सय २ किलो गाँजा सहित एक जना पक्राउ

*सप्तरी, २४ साउन*

हनुमाननगर कंकालिनी नगरपालिका-८ जोगिनियास्थित खेतबाट अवैध लागूऔषध गाँजा करिब ३ सय २ किलो ४ सय ८० ग्राम सहित हनुमाननगर कंकालिनी नगरपालिका-७ मुखिया टोल बस्ने ५३ वर्षीय माधुरी मुखियालाई प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटिएको प्रहरीले १२ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## अन्य अपराध

### शिक्षा ऐन अन्तर्गत कसूरमा संलग्न रहेको अभियोगमा एक जना पक्राउ

*काठमाडौं, ११ साउन*

शिक्षा ऐन, २०२८ अन्तर्गत कसूरमा संलग्न रहेको अभियोगमा भक्तपुर मध्यपुर थिमी नगरपालिका-१ बस्ने कैलाली घोडाघोडी नगरपालिका-११ घर भएका ३३ वर्षीय संदिप सिंहलाई प्रहरीले पक्राउ गरेको छ।

केन्द्रीय अनुसन्धान ब्यूरो काठमाडौंबाट खटिएको प्रहरीले उनलाई मध्यपुर थिमी नगरपालिका-१ बाट पक्राउ गरेको हो । प्रारम्भिक अनुसन्धानको क्रममा उनले गत ८ गते त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकायतर्फको एमबिएस प्रथम सेमेष्टरको MGT 515: Organizational Behaviour विषय परीक्षाको प्रश्नपत्र विभिन्न वाट्सएप समुहहरूमा साझा गरेको खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अवैध रूपमा भिओआइपी संचालन गर्ने व्यक्ति पक्राउ

*रूपन्देही, १५ साउन*

अवैध रूपमा भिओआइपी संचालन गरेको अभियोगमा गोरखा चुमनुव्री गाउँपालिका-४ बस्ने ६२ वर्षीय छिरिङ गुरूङलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रूपन्देही र इलाका प्रहरी कार्यालय बेलहियाबाट खटिएको प्रहरीले उनलाई सिद्धार्थनगर नगरपालिका-१ स्थित न्यू मुक्ति हो+एण्ड रेष्टुरेन्टबाट भिओआइपी संचालन गर्न प्रयोग गरिएको विभिन्न सरसामान सहित पक्राउ गरेको हो । उनी उपर दुरसंचार ऐन, २०५३ अन्तर्गतको कसूरमा जिल्ला अदालत रूपन्देहीबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### सामाजिक सञ्जाल मार्फत भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

*काठमाडौं, १८ साउन*

सामाजिक सञ्जाल मार्फत भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यमा संलग्न रहेको अभियोगमा अर्घाखाँची सन्धिखर्क नगरपालिका-९ घर भएका रूपन्देही बुटवल उपमहानगरपालिका-१३ बस्ने ३९ वर्षीय जनक भुसाललाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जालमा राज्यको विद्यमान परिवेशलाई प्रत्यक्ष असर पार्ने तवरबाट युट्युब च्यानल नेपाली खबर टिभी मार्फत भ्रामक सूचना प्रवाह गर्ने भिडियो सामाग्री तयार पारी, अफवाह फैलाई जातीय तथा धार्मिक हिंसात्मक तथा ध्वंसात्मक गतिविधिहरूमा संलग्न व्यक्ति तथा समूहलाई थप उत्तेजित र आक्रमक बनाउने, साथै कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामाग्रीहरू वा कसै प्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन, प्रदर्शन र प्रसारण गर्ने कार्यमा संलग्न रहेका उनलाई साइबर ब्यूरोबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय बुटवलको सहयोगमा बुटवलबाट पक्राउ गरेको हो । उनी उपर विद्युतीय कारोबार ऐन,२०६३ को कसूरमा जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको नगद सहित दुई जना पक्राउ

*काठमाडौं, २५ साउन*

काठमाडौं महानगरपालिका-२६ बाट स्रोत नखुलेको नगद १९ लाख ९४ हजार रूपैयाँ सहित सोही महानगरपालिका-१० बानेश्वर बस्ने स्याङ्जा वालिङ नगरपालिका-६ घर भएका ४१ वर्षीय ईश्वर थापालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी वृत्त दरबामार्गबाट खटिएको प्रहरीले केशरमहलतर्फ आउँदै गरेको बा.प्र ०२-०४२ प ५२०७ नम्बरको स्कुटर जाँच गर्ने क्रममा चालक थापालाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-२८ कमलादी गणेश मन्दिर नजिकबाट स्रोत नखुलेको नगद ४ लाख ८ हजार रूपैयाँ सहित काठमाडौं कपन बस्ने ४२ वर्षीय सुदर्शन खड्कालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त मालीगाउँबाट खटिएको प्रहरीले उनलाई उक्त नगद सहित पक्राउ गरेको हो। साथै प्रहरीले उनले प्रयोग गरेको बागमती एएए ७७२० नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### स्रोत नखुलेको नगद सहित एक जना पक्राउ

*सर्लाही, २७ साउन*

ब्रह्मपुरी गाउँपालिका-२ राजदेवी मन्दिर अगाडिबाट स्रोत नखुलेको नगद ५१ लाख ३४ हजार रूपैयाँ सहित महोत्तरी गौशाला नगरपालिका-१२ बस्ने ५७ वर्षीय जगन्नाथ महतो कोईरीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले भेल्हीबाट वयलबासतर्फ जाँदै गरेको ज.१० प ८६५२ नम्बरको स्कुटर तलासी गर्दा उक्त नगद फेला पारी चालक जगन्नाथलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### देशभरबाट साइबर अपराध सम्बन्धी २० हजार ५२६ उजुरी

*काठमाडौं, २८ साउन*

इमेलमा अश्लील म्यासेज पठाई महिलाको चरित्र हत्या गर्ने काठमाडौं कपन बस्ने नुवाकोट घर भएका ३४ वर्षीय सुरेन्द्र प्रसाद खनाल असार २६ गते पक्राउ परे। यस्तै सामाजिक सञ्जाल फेसबुक ह्याक गरी अनधिकृत पहुँच पुऱ्याई ठगी गर्ने काठमाडौं बालाजु बस्ने नुवाकोट घर भएका १९ वर्षीय विवेक सुनार असार २४ गते पक्राउ परे । यसैगरी ई-सेवाको कर्मचारी हुँ भन्दै ठगी गर्ने रौतहट घर भएका २२ वर्षीय शुभम साह असार २ गते पक्राउ परे।

सुरेन्द्र, विवेक र शुभम त प्रतिनिधि पात्र मात्रै हुन्। उनीहरू जस्तै सामाजिक सञ्जालको दुरूपयोग गरी पीडितहरूलाई ब्ल्याकमेल गर्ने, ठगी गर्ने, अनलाईन स्क्यामिङ गर्ने, सफ्टवेयर कम्पनीको स्रोत संकेत (Source Code) मा अनाधिकृत पहुँच पुऱ्याउने लगायतका विद्युतीय कसूरमा संलग्न अभियुक्तहरूलाई सीमित स्रोत साधनका वावजूद उपलब्ध प्रविधिको उच्चतम प्रयोग गर्दै कानुनी दायरामा ल्याउन साइबर ब्यूरो सक्रिय छ।

गत आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि असार मसान्तसम्म साइबर अपराध सम्बन्धी २० हजार ५ सय २६ वटा निवेदन प्रहरीमा दर्ता भएका छन्। सो अवधिमा साइबर अपराधमा १ सय ६१ वटा मुद्दा दर्ता भएका थिए भने १ सय ५५ जना पक्राउ परेका थिए । दर्ता भएका निवेदनमध्ये सामाजिक सञ्जालतर्फ फेसबुक/म्यासेन्जरको दुरूपयोगका ७ हजार १२३ वटा, टिकटकका ६ हजार ७ सय ७६ वटा, ह्वाट्सएपका ३ हजार १०५ वटा, टेलिग्रामका १ हजार ३१ वटा, इन्स्ट्राग्रामका ६ सय २८ वटा, इमेलका १ सय १४ वटा, भाइबरका २१ वटा, इमोका ३८ वटा, युट्यूवका ६४ वटा, वीईच्याटका १४ वटा, ट्वीटरका ११ वटा, गुगलका ११ वटा, इसेवा/खल्ती/ बैंक एकाउण्ट/ एसएमसिएसका ७ सय ४४ वटा र संस्थातर्फ ८ सय ४६ वटा रहेका छन्। आर्थिक वर्ष २०८१/०८२ मा १८ हजार ९२६ वटा र आर्थिक वर्ष २०८०/०८१ मा १९ हजार ७३० वटा निवेदन प्रहरीमा दर्ता भएका थिए।

साइबर अपराधका हालको प्रवृत्तिको सम्बन्धमा साइबर ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक दिलीप कुमार गिरी भन्नहुन्छ, 'सामाजिक सञ्जालको प्रयोगसँगै यसको दुरूपयोग पनि बढेको छ। गत २ आर्थिक वर्षको उजुरीको प्रवृत्ति हेर्दा विशेष गरी बैंक तथा वालेट अफिसबाट बोलेको भन्दै पीडितको बैंक एकाउन्टमा पहुँच पुऱ्याई ठगी गर्ने, गिफ्ट/लोट्री/पार्सल पठाएको भनी ठगी गर्ने, प्रेम सम्बन्धमा पारी ठगी गर्ने, वैदेशिक रोजगारीको प्रलोभन देखाई ठगी गर्ने, टेलिग्राम, ह्वाट्सएप, इन्स्टाग्रामहरूमा अनलाइन जबको प्रलोभन देखाएर ठगी गर्ने, अनलाइन सपिङ मार्फत ठगी गर्ने प्रवृत्तिमा वृद्धि भएको देखिन्छ ।'

प्रविधिको दुरुपयोगका कारण अपराधमा नयाँ शैली र प्रवृत्तिले अपराध अनुसन्धान कार्य थप चुनौतीपूर्ण हुँदै गएको छ। यस्ता चुनौतीको सामना गर्दै वर्तमान र आगामी दिनमा प्रविधि प्रयोग भई घट्न सक्ने अपराधको रोकथाम तथा सफल अनुसन्धान गर्ने उद्देश्यले नेपाल सरकारको २०७५ जेठ २७ गतेको निर्णयले साइबर ब्यूरो स्थापना भएको हो। ब्यूरोलाई थप प्रविधियुक्त बनाउँदै प्रहरी कर्मचारीमा साइबर अपराध तथा सुरक्षा सम्बन्धी क्षमता अभिवृद्धिका साथै आम नागरिकहरू माझ साइबर सुरक्षा सम्बन्धी सचेतना फैलाउन विभिन्न कार्यक्रमहरू संचालन गरी प्रविधिको प्रयोग गरी हुने अपराध रोकथाम तथा अनुसन्धानको लागि नेपाल प्रहरी सदैव सक्रिय रूपमा प्रस्तुत हुँदै आइरहेको छ। साइबर अपराधमा संलग्नलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा कारबाही हुने गरेको छ।

### अपहरण तथा शरीर बन्धक कसूरमा संलग्न सात जना पक्राउ

*काठमाडौं, ३० साउन*

अपहरण तथा शरीर बन्धक कसूरमा संलग्न रहेको अभियोगमा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रामेछाप लिखु तामाकोशी गाउँपालिका-३ बस्ने ३२ वर्षीय मनोज बुढाथोकी, मकवानपुर बागमती गाउँपालिका-५ फापरबारी बस्ने २० वर्षीय निशान रूम्बा तामाङ, सर्लाही लालबन्दी नगरपालिका-४ बस्ने २२ वर्षीय जेनिश चौधरी, ओखलढुंगा लिखु गाउँपालिका-५ बस्ने २४ वर्षीय निमेश कार्की, चितवन राप्ती नगरपालिका-२ बस्ने २४ वर्षीय अमित ओली, अर्घाखाँची मालारानी गाउँपालिका-३ बस्ने २२ वर्षीय प्रदिप पोखरेल र काभ्रे भुम्लु गाउँपालिका-८ बस्ने २३ वर्षीय देव कुमार श्रेष्ठ रहेका छन्।

काठमाडौं महानगरपालिका-२६ मित्रनगर बस्ने झापा घर भएका पीडितलाई अपरिचित ५/६ जनाको समूहले अपहरण गरी, बन्धक बनाई कुटपिट समेत गरी पीडितको परिवारसँग १८ लाख रूपैयाँ फिरौती रकम माग गरेको भन्ने सूचनाको आधारमा काठामाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले पीडितको उद्दार समेत गरेको छ । उनीहरू उपर जिल्ला अदालत काठमाडौंबाट ६ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सामाजिक सञ्जाल मार्फत भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यमा संलग्न व्यक्ति पक्राउ

*काठमाडौं, १८ साउन*

सामाजिक सञ्जाल मार्फत भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यमा संलग्न रहेको अभियोगमा अर्घाखाँची सन्धिखर्क नगरपालिका-९ घर भएका रूपन्देही बुटवल उपमहानगरपालिका-१३ बस्ने ३९ वर्षीय जनक भुसाललाई प्रहरीले पक्राउ गरेको छ।

सामाजिक सञ्जालमा राज्यको विद्यमान परिवेशलाई प्रत्यक्ष असर पार्ने तवरबाट युट्युब च्यानल नेपाली खबर टिभी मार्फत भ्रामक सूचना प्रवाह गर्ने भिडियो सामाग्री तयार पारीअफवाह , फैलाई जातीय तथा धार्मिक हिंसात्मक तथा ध्वंसात्मक गतिविधिहरूमा संलग्न व्यक्ति तथा समूहलाई थप उत्तेजित र आक्रमक बनाउने, साथै कानुनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामाग्रीहरू वा कसै प्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशनप्रदर्शन र प्र ,सारण गर्ने कार्यमा संलग्न रहेका उनलाई साइबर ब्यूरोबाट खटिएको प्रहरीले इलाका प्रहरी कार्यालय बुटवलको सहयोगमा बुटवलबाट पक्राउ गरेको हो। उनी उपर विद्युतीय कारोबार ऐन२०६३ को कसुरमा जिल्ला अदालत, काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बन्यजन्तु अपराध सम्बन्धी

### रेड पाण्डाको छाला सहित एक जना पक्राउ

*भक्तपुर, २५ साउन*

भक्तपुर नगरपालिका-१ दुधपाटीस्थित रेसुङ्गा थकाली एण्ड किचेन होटलबाट अवैध हाब्रे (रेड पाण्डा) को छाला सहित

दैलेख ठाटीगाउँ गाउँपालिका-४ बस्ने २९ वर्षीय भुपेन्द्र बहादुर कठायतलाई प्रहरीले पक्राउ गरेको छ। उक्त होटलमा रेड पाण्डाको छाला लुकाई राखेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले होटल तलासी गर्दा भुपेन्द्रलाई उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि डिभिजन वन कार्यालय भक्तपुरमा बुझाइएको छ।

## हर्नेट राइफल बरामद

*काठमाडौं, १३ साउन*

काठमाडौं महानगरपालिका-११ स्थित थापाथली राममन्दिर पछाडि रहेको बाग्मती खोला किनारबाट हर्नेट राइफल १ थान प्रहरीले बरामद गरेको छ। प्रहरी वृत्त सिंहदरबारबाट खटिएको प्रहरीले उक्त राइफल फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल र लागूऔषध सहित एक जना पक्राउ

*मोरङ, ६ साउन*

विराटनगर महानगरपालिका-१८ झटियाही बुधनगर बस्ने ५९ वर्षीय लाल किशोर यादवलाई कटुवा पेस्तोल १ थानअवैध , लागूऔषध खैरोहेरोइन जस्तो देखिने पदार्थ ३ ग्राम ७ मिलिग्राम र गाँजा ८ ग्राम ४ सय ८० मिलिग्राम सहित गए प्रहरीले पक्राउ गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर समेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पेस्तोल र लागूऔषध फेला पारी पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## पेस्तोल सहित तीन जना पक्राउ

*सिराहा, २० साउन*

लहान नगरपालिका-२२ सलोखरीबाट पेस्तोल १ थान र म्याग्जिन १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २० वर्षीय सबरजीत दास, २० वर्षीय गुरूदेव दास र १९ वर्षीय संजय दास रहेका छन् । प्रहरी चौकी सितापुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल सहित चार जना पक्राउ

*कञ्चनपुर ,२६ साउन*

जिल्ला प्रहरी कार्यालय कञ्चनपुर र वडा प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरीले कटुवा पेस्तोल १ थान सहित ४ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा बेल्डाडी गाउँपालिका-३ बस्ने २० वर्षीय नितेश सिंह, सोही ठाउँ बस्ने १८ वर्षीय किशोर, कृष्णपुर नगरपालिका-६ बस्ने २० वर्षीय राजेन्द्र सिंह र कैलाली गोदावरी नगरपालिका-१ बस्ने २० वर्षीय पारस रोकाया रहेका छन्। जिल्ला प्रहरी कार्यालय कञ्चनपुर समेतबाट खटिएको प्रहरीले उनीहरूलाई भीमदत्त नगरपालिका-१८ सालघारीबाट पक्राउ गरेको थियो । थप अनुसन्धानको क्रममा प्रहरीले १८ वर्षीय किशोरको भीमदत्त नगरपालिका-१८ मामा भान्जा चोकस्थित डेरा तलासी गर्दा लुकाई छिपाई राखेको कटुवा पेस्तोल फेला पारी बरामद गरेको हो।

## पेस्तोल सहित तीन जना पक्राउ

*कपिलवस्तु, २४ साउन*

विजयनगर गाउँपालिका-४ जगदिशपुरबाट पेस्तोल १ थान सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कृष्णनगर नगरपालिका-५ डबरा बस्ने २३ वर्षीय आषिश पाण्डे, सोही नगरपालिका-८ दयानगर बस्ने २१ वर्षीय जितेन्द्र मौरिया र १९ वर्षीय विनोद कश्यप रहेका छन् । उनीहरूले कृष्णनगर नगरपालिका-८ बहादुरगंजमा पेस्तोल देखाई डर, धम्की दिई हिँडिरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी पत्थरदेहियाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूले प्रयोग गरेको लु.६१ प ७०७२ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## ३२ थान भरूवा बन्दुक बरामद

*प्युठान,१८ साउन*

नौबहिनी गाउँपालिका-२ पूर्तिबाङस्थित मास्बिर सामुदायिक वनबाट भरूवा बन्दुक ३२ थान, सोही बन्दुकको नाल ४ थान, कुन्दा १ थान र भरूवा बन्दुकको चाप ३ थान प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय लुङबाहानेबाट खटिएको प्रहरीले उक्त हातहतियार फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## २१ थान भरूवा बन्दुक बरामद

*दाङ १५ साउन ,*

दाङका विभिन्न स्थानबाट भरूवा बन्दुक २१ थान प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी पोष्ट बेलुवाबाट खटिएको प्रहरीले तुलसीपुर उपमहानगरपालिका-८ अश्वारा सामुदायिक वनबाट १ थान र छर्रा ४ थान, इलाका प्रहरी कार्यालय कमिरेचौरबाट खटिएको प्रहरीले बंगलाचुली गाउँपालिका-३ लामपोखरास्थित जनचेतना सामुदायिक वनबाट ४ थान, सोही गाउँपालिका-६ टोट्केलेखस्थित लालीगुँरास सामुदायिक वनबाट ८ थान र प्रहरी चौकी रामपुरबाट खटिएको प्रहरीले घोराही उपमहानगरपालिका-२ च्याख्ली घाटस्थित राष्ट्रिय वनबाट ८ थान फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक –कर्तव्य ज्यान सम्बन्धी कसूर

मिति २०८३।४।०३ गते का.जि.का.म.पा.वडा नं.२६ बसपार्क स्थित राधा तामाङले संचालन गरेको होटेल माउन्टेन ऐनसिभाको कोठा नं.४०४ मा एकिन नामथर वतन नखुलेको महिलाको लाश पलङभित्र लुकाई छिपाई राखेको अवस्थामा फेला परेकोमा अनुसन्धानको क्रममा निज महिला जिल्ला कैलाली धनगढी उ.म.पा.७ घर भएकी बर्ष २५ की निशा सुनार खुल्न आएको र उक्त घटना सम्बन्धमा अनुसन्धान गर्दा जिल्ला बाँके नेपालगंज उपमहानगरपालिका वडा नं.२० घर भएका बर्ष ३७ को दान बहादुर शाहीले उक्त होटलको कोठाभाडामा लिएको खुल्न आएकोले निजलाई पक्राउ गरी प्रारम्भिक अनुसन्धानको क्रममा जिल्ला दैलेख डुङ्गेश्वर गा.पा.वडानं.६ घर भएको बर्ष २९ को रमेश बुढाले निज महिलालाई उक्त कोठामा लगेको भनी बताएकोले निजलाइ मिति २०८३।०४।०४ गते पक्राउ गरी प्रारम्भिक सोधपुछ गर्दा कुटपिटगरी घाँटी थिची मारी लाशलाई पलङ मुनी लुकाएको भन्ने जाहेरी दरखास्त प्राप्त भए पश्चात प्रतिवादी पक्राउ गरी अनुसन्धान पश्चात सम्मानित अदालतममा पेश हुँदा सम्मानित काठमाडौँ जिल्ला अदालतको मिति २०८३।०४।२७ गतेको आदेशले प्रतिवादी दान बहादुर शाही रु.२०००००। धरौटीमा छुटेको र रमेश बहादुर बुढा मुद्दा पूर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८३।०२।२२गते अं. १७:०० बजे सम्सी गा.पा. वडा नं.५ पोखरभिण्डा बस्ने रोहित यादवको छोरा वर्षअं.०३ को मनिकेश कुमार यादव खेल्न गएको अबस्थामा हराएकोमा मिति २०८३।०२।२४ गते अं.१७:२५ बजेको समयमा राजकिशोर साहको पानी पोखरीमा निज मनिकेश कुमार यादवको मृतलाश बोरामा प्याक गरी तैरीरहेको अबस्थामा फेला परेको घट्ना अनुसन्धान गर्दै जाँदा बिज्याईकर्ता २१ जलेश्वर २०८३।०८४ (२) ले चाँदीको बाला लुट्ने मनसायले निजबालक खेलीरहेको अवस्थामा विज्याईकर्ताले जानी जानी आफुले चलाई गएको ३० के.जि.खाद लोड रहेको Hero jet कम्पनीको साईकलले मनिकेश कुमार यादवलाई ठक्कर दिई उक्त साईकलको दुवै टायर बालकको छाती र घाँटीको भागबाट माथी चढाई बालकलाई घटनास्थलमानै कर्तव्य गरी मृतकलाई शिवम सिमेन्ट लेखिएको बोरामा राखि प्याक गरी पानीपोखरीमा लगि मृतकले लगाएको चाँदीको बाला थान-२ (दुई) डाँका गरी लुटी लिई मृतकलाशलाई पानि पोखरीमा फालेको भन्ने जाहेरी प्राप्त भई मिति २०८३।०४।०५ गते नियन्त्रणमा लिई अनुसन्धान पश्चात पेश हुँदा सम्मानित महोत्तरी जिल्ला अलतको मिति २०८३।०४।२७ गतेको आदेशले निज बिज्याईकर्ता बालसुधार गृह चलान भएको।

## मुद्दा शीर्षक –कर्तव्य ज्यान

मिति २०८३।०४।०५गते बिहान अं.०८:०० बजेको समयमा जिल्ला चितवन कालिका नगरपालिका वडा नं.१० सुन्दरटोल स्थित हासु मगरको घरमा ऐ.ऐ. बस्ने प्रतिवादी अं. वर्ष १९ को शुशिल मगरले जाहेरवालाको नाबालिका छोरी वर्ष १३ की नाम परिवर्तित ३५ टाँडी (२) ०८३/०८४ लाई जवरजस्ती करणी गरेको हुँदा कानून बमोजिम कारबाही गरी पाउँ भन्ने व्यहोराको नाम परिवर्तित सगरमाथा चोक (क) ०८३/०८४ को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत चितवनको मिति २०८३।०५।०१ गतेको आदेशले प्रतिवादी सुशिल मगर पूर्पक्षको लागि कारागार चलान।

## मुद्दा शीर्षक – जवरजस्ती करणी

मिति २०८३।०४।०२ गते अ. ११ बजेतिर घरमा आउँदा छोरी वर्ष १३ की नाम परिवर्तित ३५ भरतपुर ९१) ०८३/०८४ लाई सर्फराज मियाँले चितवन जिल्ला माडी न.पा.वडा नं.१ बोटेटोलमा रहेको मरठ खोलाको छेउमा गई निजलाई बोल्न कराउन नदिई डरत्रासमा पारि जवरजस्ती करणी गरेको हुँदा निज अन्यायी सर्फराज मियाँले अर्का अन्यायी आजाद आलमको मिलोमतोमा मेरो छोरीलाई जवरजस्ती करणी गरेको प्रस्ट भएको, डरत्रासमा पारी जवरजस्ती करणी गर्ने निज अन्यायीहरुलाई पक्राउ गरी कानून बमोजिम हदै सम्मको कारवाही कैद र जरिवाना गरी छोरीमा पर्न गएको शारीरिक तथा मानसिक क्षतिको क्षतिपूर्ती समेत दिलाई भराई पाउँभन्ने समेत बेहोराको परिवर्तित नाम बनकट्टा (क) ०८३/०८४ को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित जिल्ला अदालत चितवनको मिति२०८३।०४।२९ गतेको आदेशले पक्राउ प्रतिवादीहरू मध्ये सर्फराज मिया पूर्पक्षको लागि बालसुधार गृहचलान, आजाद आलम ७५ हजार धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – हाडनाता जबरजस्ती करणी

मिति २०८३।०३।२६ गते बिहान अ.४:०० बजेको समयमा जिल्ला दाङ बबई गा.पा.वडा नं. ४ स्थित कोठामा सुतेको बेलामा मेरो जेठाजु ऐ.ऐ.बस्ने वर्ष ३५ को (संकेत नं.५६ तुलसीपुर ०८३-२) ले ढोकाको चुकुल खोली म सुतेको स्थानमा आई मलाई डर त्रास देखाई जवरजस्ती करणी गरेकोले कानुन बमोजिम कारवाही गरी पाऊ भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात पेश हुँदा सम्मानित दाङ जिल्ला अदालत घोराही दाङको मिति २०८३।०४।२० गतेको आदेशले प्रतिवादीलाई पूर्पक्षको लागि कारागार चलान।

# मासिक ई-बुलेटिन

## सम्पादक मण्डल :

**प्रकाशक**

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

**प्रमुख सल्लाहकार**

प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.

**सल्लाहकार**

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

**सम्पादक**

प्रहरी निरीक्षक रुपेन्द्र नारायण श्रेष्ठ

**संकलन**

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**

प्रहरी सहायक हवल्दार विमल राना मगर

## सम्पर्कको लागि :

**नेपाल प्रहरी प्रधान कार्यालय,**
**अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं**
**०१-५७१९८६८**

**E-mail: cicu@nepalpolice.gov.np**

**बालबालिका खोजतलास समन्वय केन्द्र : १०४**